# प्रतिलिपि अधिकार संरक्षणको लागि देहायको सचेतना अपनाऔं ।

प्रतिलिपि अधिकार (Copyright) त्यस्तो अधिकार हो जसले साहित्य, गीत संगीत, कला, फोटो, सूचना प्रविधि, चलचित्र लगायतका क्षेत्रमा बौद्धिक एवं मौलिक रूपले गरिएका सिर्जनाका सिर्जनाकारलाई आफ्ना सिर्जना उपर कानूनतः एकलौटी अधिकार प्रदान गर्दछ । उनीहरूलाई आफ्ना रचनाको अत्याधिक उपयोग (Exploitation) मार्फत आय आर्जन गर्ने आर्थिक अधिकार तथा तीनमा आफ्नो नाम कायम गराई राख्ने नैतिक अधिकार प्राप्त हुन्छ। वास्तविक सिर्जनाकारको अनुमति विना कसैका रचनाको उत्पादन, पुनःउत्पादन, सर्वसाधारणमा प्रसार, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन कानूनतः बर्जित हुन्छ ।

बौद्धिक सिर्जनाको प्रक्रियामा रेकर्डिङ्ग, उत्पादन र प्रसारण जस्ता कार्यमा प्रत्यक्ष रूपले संलग्न रही सिर्जनालाई जनसाधारण समक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाहरूलाई कानूनतः प्राप्त हुने अधिकारलाई तत्सम्बन्धी अधिकार (Related Rights) भनिन्छ । यस्ता अधिकारको उल्लंघन पनि गैरकानूनी ठहर्छ ।

कसैले अधिकारधनीको अनुमति विना प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकार धनीलाई प्राप्त अधिकार उल्लंघन हुने कार्य गरेमा उसलाई प्रतिलिपि अधिकार ऐन, २०५९ तथा नियमावली, २०६१ बमोजिम कसूरको मात्रा अनुसार कम्तीमा रू. दश हजारदेखि एक लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै र सोही कसूर दोश्रो पटक गरेमा रू. बीस हजारदेखि दुई लाखसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुबै सजाय हुन्छ। साथै अदालतले त्यसका लागि प्रयोग गरिएका सामग्रीहरू जफत गर्ने र वास्तविक अधिकारधनीलाई परेको हानी-नोक्सानीको क्षतिपूर्ति उल्लंघनकर्ताबाट भराई दिने फैसला पनि गर्न सक्दछ ।

**त्यसैले प्रतिलिपि अधिकार संरक्षण गर्न तथा सम्भावित दण्ड सजायबाट बच्न देहायको सचेतना अपनाऔंः-**

- नयाँ, बौद्धिक र मौलिक सिर्जना गर्ने बानी बसालौं ।
- कसैका साहित्यिक रचनाको उद्धरणको नियम बाहिर गई ठूलो अंशमा साभार तथा उल्लेख्य मात्रामा फोटोकपि गर्ने, अरूका फोटोजन्य रचनालाई आफ्नो नाममा छपाउने, अरूका सांगीतिक सिर्जनाको डबिङ्ग गरी पुनःउत्पादन तथा अनुमति विनै रिमिक्स गर्ने, अर्कैका कम्प्युटर सफ्टवेयरको नक्कल गरी निकाल्ने तथा कुनै चलचित्रको गैरकानूनी उत्पादन र बिक्री वितरण गरी आयआर्जन गर्ने लगायतका वास्तविक स्रष्टालाई क्षति पुग्ने कार्य नगरौं ।
- अरूका सिर्जनालाई आफ्नो दावी गर्ने तथा प्रसारणपूर्व सम्पूर्ण स्रष्टाको नाम उल्लेख नगर्ने परम्परा त्यागौं ।
- आफ्ना रचना नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता गराऔं ।
- आफ्ना सिर्जनाहरू कसैले अनधिकृत तवरले उपयोग गरी फाइदा लिए नलिएको सम्बन्धमा सधैं चनाखो बनौं ।
- अधिकार उल्लंघनका विरुद्ध नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय वा सम्बन्धित प्रहरी कार्यालयमा उजुर गर्ने गरौं ।
- स्रष्टा र तिनका सिर्जना राष्ट्रका अमूल्य नीधि भएकोले यिनको सम्मान खातिर जुटौं ।
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको सम्बन्धमा जति सक्दो धेरैलाई जानकारी दिन आवश्यक प्रचार प्रसार गरौं ।
- रचनाहरूको सार्वजनिक तथा व्यवसायिक प्रयोग वापत रोयल्टी उठाई वितरण गर्ने प्रयोजनले गठन भएका रोयल्टी संकलन संस्थाहरूको सदस्य बनौं ।
- सक्कली सिर्जनाहरूको मात्र प्रयोग गरी स्रष्टाको जिविकोपार्जन एवं प्रतिलिपि अधिकार संरक्षण गर्ने राज्यको दायित्वमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय
**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**
कालिकास्थान, काठमाडौं
फोन नं. ४४३११५५, ४४४३७५०
फ्याक्स नं. ४४३११४४
पोष्ट बक्स नं. ४३०
**Email: info@nepalcopyright.gov.np**
**URL: www.nepalcopyright.gov.np**